लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

पत्र संख्याः ०८३/०८४
चलानी नं.:

मितिः२०८३/०४/०७
नेपाल संवत् ११४६ दिल्लाथ्व नवमी

## टिप्पणी आदेश

विषयः मूल्याङ्कन समिति गठन सम्बन्धमा ।

श्रीमान्

लेकवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कल्याण, सुर्खेतको आ.व. २०८२-०८३ को लागि यस नगरपालिकाबाट हुने पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलबन्दी दरभाउ पत्र परीक्षण र मूल्याङ्कन गर्ने कार्यका लागि सार्वजनिक खरिद मूल्याङ्कन समिति गर्नुपर्ने आवश्यकता रहेको ।
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ मा कार्यालयले पूर्व योग्यताको प्रस्ताव, बोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलबन्दी दरभाउ पत्र परीक्षण गर्दा मूल्याङ्कन गर्न मूल्याङ्कन समिति गठन गर्नु पर्ने व्यवस्था रहेको ।
अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिम यस कार्यालयको सार्वजनिक खरिद सम्बन्धि कामकाजका लागि देहाय बमोजिमको मूल्याङ्कन समिति गठन गर्न मनासिब देखि निर्णयार्थ यो टिप्पणी पेश गरेको छु ।

तपसिलः

१. श्री पहलमान अधिकारी (शिक्षा अधिकृत/ आठौं) - अध्यक्ष
२. श्री महेश काफ्ले (वरिष्ठ ईन्जिनियर/ आठौं) - सदस्य
३. श्री दिनेश भण्डारी (प्रमुख लेखा अधिकृत/ आठौं) - सदस्य
४. श्री नारायणदत्त तिवारी (बरिष्ठ शाखा अधिकृत/ आठौं) - सचिव

पेश गर्नेः
नारायणदत्त तिवारी
बरिष्ठ शाखा अधिकृत

सदर गर्नेः
महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

ito.lekbeshimun@gmail.com lekbeshimun.gov.np